नेपाल ग्रामीण पुनर्निर्माण संस्था:(आरआरएन),समुदाय सहयोग कार्यक्रम खोटाङ र सिरहाद्वारा संयुक्त रुपमा प्रकाशित मासिक बुलेटिन

# शान्तिका लागि सचेतना

बर्ष १, अंक ६ २०६८ मंसिर १५ गते बिहिबार Thursday 1 December 2011 १

बिशेष जानकारी



चिप्रिङ गा.वि.स. वार्डन. ५, स्थित विकासेखोला सिचाई निर्माण योजना निर्माण पश्चात स्थानीय अगुवाहरु अनुगमन गर्दै ।

## सम्पादकीय

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) समुदाय सहयोग कार्यक्रम दोस्रो चरण अन्तरर्गत गठित नागरिक सचेतना केन्द्रहरुले यस १६ औं दिने महिला हिंसा अभियानलाई सफल पार्न नोभेम्बर ३० देखि विश्वव्यापी रुपमा एकै चोटि **we can हामी सक्छौ** भन्ने मुख्य नाराका साथ शुरुवात भएको छ । नेपालमा पनि महिला तथा अधिकारकर्मीहरुले शुरु गरिएको छ । यस अभियानलाई सफल पार्नको लागि आफ्नो सचेतना केन्द्रबाट पनि विभिन्न कार्यक्रमहरु आयोजना गरि आफ्नै घरबाट हिंसा मुक्त घोषणा गर्न शुरु गरौं । जसरी आफु र आफ्नो वरिपरि भइरहेको हिंसामा सहयोगीको वा सहजकर्ताको भुमिका खेल्न सक्नु हुन त्यसरी नै हिंसा बढिरहेको हुनेछ ।

यो हाम्रो छैटौं अंक हो यस **मासिक बुलेटिन**लाई पठनीय र जानकारीमुलक बनाउनका लागि हामी तपाईहरुबाट निरन्तर सुझाव, सल्लाह र सृजनात्मक आलोचनाको अपेक्षा राख्दछौं । यसको साथै आगामी अंकको लागि माथि उल्लेखित विषय भित्र रही आफ्ना अमुल्य लेख, रचना पठाई प्रकाशनमा सहयोग गरिदिनु समेत सबैलाई विनम्र अनुरोध गर्दछौं ।

## गाउं विकास समितिको रकम विनियोजनका क्षेत्रहरु

रिसी लामा

**२.आर्थिक/सामाजिक एवं भौतिक पूर्वाधार विकास :** गाउँ विकास कोषको कुल विनियोजित पूँजिगत रकमबाट लक्षित समूहको लागि र समपूरक कोषको लागि आवश्यक पर्ने रकम छुट्याई बाँकि रहेको रकमलाई शतप्रतिशत मानी त्यसमध्येबाट देहायका क्षेत्रमा लगानी गर्न कम्तीमा ५० प्रतिशत रकम छुट्याउनु पर्नेछ । यसरी छुट्टाइएको रकमबाट रु. २ लाखभन्दा कम लागतका कार्यक्रम/आयोजना छनौट गर्न सकिनेछैन । यस क्षेत्रमा गरीएको लगानीको आयोजना लगानी विवरण तालिका तयार गर्नुपर्नेछ । पूँजिगत लगानीका क्षेत्र अन्तर्गतका निम्न क्रियाकलापहरुमा लगानी गर्नु पर्नेछन् ।
(क) आर्थिक विकासका क्षेत्र : कृषि, गैर कृषि, सेवा क्षेत्र,
(ख) सामाजिक विकासका क्षेत्र : शिक्षा, स्वास्थ्य, सामुदायिक पूर्वाधार,
(ग) जलस्रोत विकास र विद्युतीकरण,
(घ) ग्रामीण खानेपानी, सरसफाई, साना सिंचाई
(ङ) ग्रामीण यातायात,
(च) वन, वातावरण तथा ग्रामीण उर्जा,
(छ) सांस्कृतिक/पुरातात्विक महत्वका ऐतिहासिक पूर्वाधार संरक्षण,
(ज) विपद् व्यवस्थापन, र
(झ) अन्य साझेदारीमा गर्न सकिने कार्यक्रमहरु ।

**(३) प्रवर्द्धनात्मक लगानीका क्षेत्र :** आर्थिक/सामाजिक एवं भौतिक पूर्वाधार विकास बमोजिम छुट्याई बाँकि पूँजिगत रकमबाट देहायका प्रवर्द्धनात्मक कार्यक्रमका क्षेत्रमा प्राथमिकीकरण गरी आयोजना लगानी लागत विवरण तालिका स्वीकृत गरी लगानी गर्नुपर्नेछ :-

(क) सामाजिक परिचालनको माध्यमबाट माग भई आएका स-साना सामाजिक तथा भौतिक पूर्वाधार विकास सम्बन्धी कार्यक्रम/आयोजनाहरु ।
(ख) स्थानीयस्तरका सरकारी, गैर सरकारी संस्था तथा सामुदायिक संस्था, निजी क्षेत्र र सहकारी संस्थासँगको साझेदारीमा सञ्चालन गर्न सकिने स-साना सामाजिक तथा भौतिक पूर्वाधार विकास सम्बन्धी कार्यक्रम/आयोजनाहरु ।
(ग) नेपाल सरकारको राष्ट्रिय नीति तथा प्राथमिकताले समेटेका निम्न कार्यक्रम/अभियानमा सहयोग पुऱ्याउन सम्बन्धित कार्यक्रमको स्वीकृत योजना खाका कार्यविधि, निर्देशिका बमोजिम सञ्चालन गरिन देहायका विषयहरु :-
(१) व्यक्तिगत घटना दर्ता तथा अभिलेखीकरण सम्बन्धी,
(२) बालमैत्री स्थानीय शासन सम्बन्धी,
(३) बालश्रम निरुपण सम्बन्धी,
(४) प्राथमिक स्वास्थ्य, एचआइभि/एड्स, भिटामिन ए, पोलियो र अन्य खोप, घुम्ती स्वास्थ्य सेवा शिविरहरु जस्ता स्वास्थ्य सम्बन्धी अभियान, प्रचार प्रसार सम्बन्धी,
(५) साक्षरता अभियान तथा औपचारिक शिक्षा जस्तै (बाल बालिका शिक्षा, दलित तथा लोपोन्मुख र सीमान्तकृत जातजातिको शैक्षिक प्रवर्द्धनात्मक कार्य आदि) सम्बन्धी ।

**पुरा रुप** PPC- Peace Promotion Centre.
CAC- Citizens Awareness Centre. WCF-Ward Citizen Forum,

## आरआरएन, सप्तरीका गतिविधी

- मिति २०६८ असोज ३० गते गरिबी उन्मुलनका लागि अन्तर्राष्ट्रिय दिवशको उपलक्ष्यमा खोजपुर गा.वि.स.मा संचालित ५ वटा नागरिक सचेतना केन्द्रहरुले संयक्त रुपमा **"उत्पादन बढाऔं गरिबी घटाउ, रोजगारी बढाउ गरिबी घटाउ"** भन्ने मुल नाराका साथ एक अन्तरक्रिया सहित कार्यक्रम सम्पन्न गरिएको छ ।

संसारको सबैभन्दा सुन्दर कुरा देख्न वा छुन सकिँदैन, त्यसलाई त हृदयले अनुभव गर्नुपर्छ- हेलेन केलर

# झारसादीको विकास र आर.आर.एन.



**निलुमाया तामाङ**

"जहाँ इच्छा त्यहाँ उपाय" भन्ने कथन हाल झारसाँदीबासीले महसुभ गर्न थालिएको छ। सोलुखुम्बु जिल्लाका सदरमुकामसंगै जाडिएको उत्तरी क्षेत्रमा अवस्थित काँकु गाविस वडा नं. ३ मा झारसाँदी गाउ पर्दछ। जहाँ शेर्पा ,तामाङ समुदायहरुको जम्मा २१ घरधुरी रहेको बस्ती रहेका छन्। यस गाउ अहिले एक नमुना गाउको रुपमा हेर्न सकिन्छ वि. स. २०६३ साल माघ देखि नेपाल ग्रामीण पुनर्निमाण संस्थाः आर.आर.एन. समुदाय सहयोग कार्यक्रमको पहिलो चरण देखि सहकार्य तथा सहयोगमा गठित सयपत्री महिला समुह र यहाँको समुदायको सक्रियतामा अहिले मानवीय आधारभुत आबश्यकता जस्तै खानेपानी, शिक्षा, पेल्ट्रिकसेट, गोरेटो बाटो, र चेतनास्तरमा पनि बृद्धि हुनका साथै सीप विकास, आय-आर्जनमुलक सहयोगले परिवर्तन भएको छ।



हाम्रो गाउमा आरआरएन आउनु भन्दा अगाडि हामीलाइ विकास कसरी गर्ने कहाँ गएर माग्ने केही भाहा थिएन तर अहिले हामी आफ्नो समस्यालाई कहा माग गर्नु पर्ने हो अलि केही जान्ने भएका छन् भन्नु हुन्छ आङडेन्दी तामाङ। आरआरएनको **समुदाय सहयोग कार्यक्रम** दोस्रो चरणमा यस सयपत्री महिला समूहका सदस्यबाट **सयपत्री महिला शान्ति प्रर्वद्धन केन्द्र** नाम दिएर समुदायले छनौट गरिएको सहजकर्तालाई सहयोगी संस्थाले तालिम र सहयोगी पुस्तकको सहायताले सप्ताहिक छलफल ३/४ घण्टासम्म यसै समुदायको मुख्य विषयवस्तु केन्द्रीत भइ ३२ हप्ता संचालन गरियो। हाल सयपत्री नागरिक सचेतना केन्द्र संचालन पश्चात यस समूहका महिलाहरु हजारौं मानिसहरु भेला भएको स्थानमा पनि आफ्नो परिचय र आफुलाई चित्त नबुझेका कुराहरु स्पष्टसँग राख्न सक्ने भएका छन् भनेर बताउनु हुन्छ केन्द्रका अध्यक्ष सेतीमाया तामाङ ।झारसाँदी वासीहरुले समूह, संगठन र समाज विकासको वारेमा राम्ररी बुझेका छन्। एकता नै ठुलो वल हो भन्ने कुरा उक्त गाउँ/टोल वासीले राम्रोसँग बुझिसकेका छन्। यो केन्द्र संचालन पश्चात् यहाँका महिला पुरुषहरुले आफ्नो हक-अधिकार तथा महिला पुरुष, जातजाति, छोरा-छोरीमा भेदभाव गर्नु हुदैन भन्ने कुरा बुझेर व्यवहारमा पनि लागु गरिसकेका छन्। यस गाउमा पहिले आफ्ना छोराछोरीलाई बिद्यालय नपठाई काम गर्न पठाउने गर्थे तर अहिले सबैले अनिवार्य आफ्ना छोराछोरीलाई विद्यालय पठाउने गर्दछन्। यसै केन्द्रको अगुवाइमा समुदायको अगुवाइमा पूर्ण सरसफाई र महिला हक-अधिकार सम्बन्धी सामाजिक अभियान समेत सम्पन्न गरिएको छ। स्थानीय बोम्बे तामाङ बताउनु हुन्छ "वास्ताबमा झारसादीको विकासमा आरआरएन एक नमुना सहयात्री नै भएको छ।"

**स्थानीय सहजकर्ता**
सयपत्री नागरिक सचेतना केन्द्र
काँक् -३, झारसाँदी सोल्खुम्बु

## आलस्यता गरिबी र बेरोजगारी

**पर्शुराम आचार्य (RRN) खोटाङ**

आलस्यता गरिबी र बेरोजगारी एकअर्कासँग सम्बन्धित विषय हुन्। जब मान्छे अल्छी बन्दै जान्छ तब ऊ गरीब हुदै जान्छ, ऊ अल्छी भएपछि केही काम गर्न सक्दैन त्यसैले ऊ बेरोजगारी हुन्छ। हामी नेपालीहरुको सोचाइमा बेरोजगार भनेको जागिर नपाउनु भन्ने हुन्छ तर बेरोजगार भनेको काम नपाउनु हो। एउटा कृषक लगातार खेतीको काममा व्यस्त हुन्छ भने ऊ आफैमा स्वरोजगार हुन्छ। एउटा कृषक परिवारको मान्छे कृषि क्षेत्रमा अध्ययन गर्छ तर उसमा कृषि क्षेत्रमा सुधार गर्ने चिन्तन नभएर एउटा जागिर खाने मात्र चिन्तन हुन्छ। उसको आफ्नो घरमा जग्गा बाँझै हुन्छ तर उसलाइ जागिरको मानसिकताले गर्दा आफूलाई बेरोजगारी भएको महसुस गर्छ अनी ऊ रोजगारीको लागी बिदेश जान्छ र लेवर काम गर्छ तर ऊ आफ्नो बाँझो जग्गामा आफूले लिएको अध्ययनलाइ प्रयोग गरेर आफू स्वरोजगार बनी अरुलाई पनि रोजगारी दिने सोचाइ कहिल्यै गर्दैन यस्तै घटनाहरु खोटाङमा पनि धेरै छन् खेतीयोग्य जमीनहरु बाँझै छन्। हामी जिल्ला बाहिरबाट जिल्लामा उत्पादन हुनसक्ने धेरै बस्तुहरु आयात गरी उपभोग गरिरहेका छौ तर यहाँबाट निर्यात भने केही हुन सकिरहेको छैन। त्यसैले हामीले हामीसँग भएको जमीनलाइ कुन किसिमको खेती लगाउदा राम्रो आम्दानी हुन्छ पहिचान गरी खेती लगायौ भने राम्रै फाइदा हुन्छ र अरुमा परजीवि जस्तो निर्भर भइरहनु पर्दैन, धेरै उत्पादन गरेमा निर्यात गरी आयआर्जन गर्न सकिन्छ साथै अरुलाई पनि रोजगारी दिन सकिन्छ। त्यसबाट राज्यको अर्थतन्त्रमा पनि टेवा पग्छ भने हामीले पनि सस्तुष्टि पाउछौं ।

**आर.आर.एन. (सिएसपी) सिरहा र खोटाङद्धारा संयुक्त रुपमा प्रकाशित मासिक बुलेटिन**

**शान्तिको लागि सचेतना**

**बर्ष १ अंक ६**
**२०६८ मंसिर १५ गते**
**1 December 2011**

**सल्लाहकार**
कुलचन्द्र दाहाल
नवीनकुमार कार्की
भुमी काफ्ले

**सम्पादन मण्डल**

**संयोजक**
रिदारसिरु लामा

**सदस्यहरु**
पेम्बा तामाङ, टहल जिरेल
निशेष गौतम, लक्ष्मी चौधरी

**सम्पर्क**
**फोन न.** ०३३-५६१९०५
०३६-४२०५५७

**इमेलः** rrnsiraha@gmail.com/ rrndiktel@gmail.com



श्री जनजागृती प्रा.वि.फर्निचर सहयोग पश्चात विद्यार्थी हरुलाई पढाउदै, विष्णुपुरकट्टी-२, सिरहा

## हार्दिक समवेदना



जन्मः २०१८।०२।१५ स्वर्गरोहणः २०६८।०७।१५

हाम्रो सहकर्मी श्री पेम्बा तामाङको ममतामयी माता मैना तामाङ ५० बर्षको उमेरमा असामयिक निधन हुनुभएकोले हामी मर्माहित भएका छौ। यस दुःखत घडीमा उहाँ प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चीरशान्तिको कामना गर्दछौं।

**आर.आर.एन. परिवार**

# गा.वि.स. कै उत्कृष्ट विद्यालय



टहल जिरेल



निर्माण पुर्बको अबस्था पाल भित्र विद्यार्थीलाई पढाउदै

२०६६ साल भदौ १ गते आएको अविरल बर्षात कारण खोटाङ्ग जिल्ला खार्मी गा.वि.स. वडा नं. ९, सल्लेनी स्थित श्री बालकन्या प्राथामिक विद्यालय भवनको वरिपरि चौकेएर कक्षा छुट्केको करिब १५ मीनेट पछि विद्यालय अगाडि ठिक माथिबाट पहिरो झ्र्यो । तर विद्यार्थीहरु कक्षा छुट्टि भै केही टाढा पुगि सकेको हुँदा भाग्यवस कुनै मानवीय क्षति भने हुन पाएन । यस डरलाग्दो घट्ना पश्चात विद्यालय संचालनमा जोखिम स्थिति श्रृर्जना भयो । तत्काल विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा अभिभावकहरुले अपतकालिन अवस्थामा कक्षा संचालन कार्य स्थानान्तरण गरी सो स्थानबाट करिब १०० मीटर टाढा उत्तरपट्टी नेपाल रेडक्रस खोटाङ्ग र जनसेवा जालपा खोटाङ्गद्वारा प्रदान गरिएको पाल टाँगेर पठन पाठन करिब १५ महिनासम्म गर्नु पर्‍यो । उक्त घटनाको खबर पाउन साथ निवेदनको आधारमा इलाका प्रहरी कार्यालय बाक्शीला, खोटाङ्गको एक टोलीले स्थलगत निरीक्षण गरि सर्जमिन मुचुल्का उठाई दुःख लाग्दो प्रतिवेदन तयार पारी नेपाल सरकारको सम्बन्धित निकायमा पेश गरियो । तत्काल जिल्ला स्थित सर्वदलीय बैठक बसी राहत उपलब्ध गराउन निर्णय गरी जिल्ला शिक्षा कार्यालय खोटाङ्गबाट रु. ५०,०००/- मर्मत संभारको लागि छुट्टाउने काम भयो । तर त्यो रकम ***हात्तिको मुखमा जिरा*** भने जस्तै थियो । ***विद्यालय भवन निर्माणका लागि कतैबाट पनि श्रोत जुटाउन नसके पछि विचल्लीमा परेका विद्यार्थीहरुको भविष्य धारासयमा पर्ने निश्चित भयो र त्यसबाट वालबालिका पढ्न पाउने अधिकारबाट बञ्चित भै वाल अधिकारको हनन् हुने स्थिति श्रृजना भयो ।*** विभिन्न दतृ निकायहरु समक्ष सहयोगका लागि न्याश्रित अनुहारसँगै हातहरु फैलाउदै हिड्ने क्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष उत्तम राई र शिक्षक कुल बहादुर राई आर.आर.एन. खोटाङ्ग कार्यालयमा त्यो दुखद घटनालाई स्मरण गराउदै सहयोगको लागि आवश्यक कागजतका साथ आई पुगियो ।

नेपाल ग्रामीण पुनर्निर्माण संस्था-आर.आर.एन. जिल्ला कार्यालय खोटाङ्गद्वारा युकेएडको सहयोगमा संचालित समुदाय सहयोग कार्यक्रम (CSP-II) अन्तर्गत योजना संचालनका लागि कार्यालयबाट प्राविधिक तथा सामाजिक परिचालकको स्थलगत निरिक्षण, सम्भव्यता अध्ययन सहित आवश्यक्ता पहिचान गरी सहयोग गर्नै पर्ने देखिएको प्रतिवेदन, योजना तर्जुमा तथा अनुगमन समितिबाट भवन निर्माणका लागि अनुमोदन गरियो र योजना कार्यान्वयनका लागि आवश्यक कार्बाही अगाडि बढाईयो । विद्यार्थीहरु पाल भित्र गोलभेडा फलाउने प्लास्टिक टनेला जस्तो तातो रापमा पढी रहेको प्रतिवेदन र तस्विर हेर्दा जो कोहीको पनि मन छुने दृष्य देखिन्थ्यो । उक्त विद्यालयको विद्यार्थी अनुपातको आधारमा आर.आर.एन., खार्मी गा.वि.स. र उपभोक्ताको संयुक्त लगानीमा यथाशीघ्र ४ कोठे विद्यालय भवन निर्माण गर्न गराउन आवश्यक ठानेर योजनाको काम शुरुवत गरि योजना तोकिएकै समयमा सम्पन्न गरियो । उक्त योजना सम्पन्न गर्न गराउनका लागि नेपाल ग्रामीण पुनर्निर्माण संस्था-आर.आर.एन. को अनुदान रु. ५६७२२५.८७/-, खार्मी गा.वि.स. को अनुदान रु. १८५०००/- र समुदायको लगानी (श्रमदान) रु. १४४०६०/- गरी जम्मा कुल रकम रु. ९०४६८५.८७/- लागत खर्च भएको कुरा विद्यालय भवन निर्माण उपभोक्ता समितिका अध्यक्ष उत्तम राई बताउनु हुन्छ ।

बालकन्या प्राथामिक विद्यालयको ४ कोठे भवन निर्माण योजना सम्पन्न भए पछि विगतका डर लाग्दो क्षणलाई मनस्थितिबाटै हटाउने कार्य आर.आर.एन. ले गरेको कुरा शिक्षक कुल बहादुर राई बताउनु हुन्छ । साथै विद्यालय भवन निर्माण अघि र पछि कस्तो महशुस भएको छ ? भनि विद्यार्थीहरुलाई सोध्दा सबैले एकै स्वरमा भन्छन् - ***भय मुक्त वातावरणमा पढ्न पाइयो, हामी धेरै खुशी छौं*** भन्ने आवाज सुन्न पाउछौं । विद्यालयमा पहिरो गए पछिका दिनहरुमा विद्यार्थीहरु आ-आफ्नो अभिभावकहरुले टाढै भए पनि आफन्ताको घरमा राखेर अन्यत्रका विद्यालयहरुमा भर्ना गराई दिनहु जसो विद्यार्थी संख्या घट्दै गइरहेको थियो । तर आर.अर.एन. खोटाङ्गले विद्यालय भवन निर्माण गराई दिई सकेपछि पुनः विद्यार्थी भर्ना दरमा बृद्धि भएको र डर त्रास रहित वातावरणमा ढुक्काले पठन पाठन गर्न गराउन पएकोमा उक्त विद्यालयमा कार्यरत शिक्षिका मनिता राई आर.आर.एन. प्रति अभार तथा धन्यवाद व्यक्त गर्नु हुन्छ । यस क्षेत्रका स-साना बालवालिकाहरुको लागि प्राथमिक शिक्षा हासिल गर्न गराउन उपयुक्त विद्यालय बालकन्या प्राथामिक विद्यालय मात्र भएको हुँदा अब नमूनाको रुपमा अंग्रेजी मध्यमबाट पठन पाठन गर्ने गराउने र शैक्षिक गुणस्तारलाई राम्रो बनाई विद्यार्थी भर्ना संख्या बृद्धि गर्न गराउन तथा अन्य भौतिक पूर्वाधारका लागि अन्य आवश्यक कदम चाल्ने कुरा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष उत्तम राई बताउनु हुन्छ । साथै आर.आर.एन. बाट गरिएको यो सहयोगको प्रशंसा गर्दै आर.आर.एन. द्वारा खार्मी ८ र ९ मा गठित सुम्निमा सिकीपरी नागरिक सचेतना केन्द्रका सदस्यहरु हाम्रो बालबालिकाहरुको भविष्य चकनचुर भएको अवस्थामा आर.आर.एन. को सहयोगमा निर्मित यो भवनबाट उज्वल भविष्यको ढोका खुलिएको र पठन पाठनमा पनि पहिरोको जोखिमबाट मुक्त भएको तथा यस भवनको सही सदुपायोग र संरक्षण गर्ने जिम्मेबारी र कर्तब्य भएको कुरा विद्यालय भवन समापन तथा उद्घाटन कार्यक्रममा धन्यवाद ज्ञापन गर्दै भन्न चुकाउनु भएन । उक्त कार्यक्रममा स्थानीय राजनैतिक दलका पार्टी प्रतिनिधी, सेवा क्षेत्रका उपभोक्तहरु तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र गा.वि.स. सचिव रमेश कुमार भट्टराईले समेत खार्मी ***गा.वि.स.को हालसम्मकै उत्कृष्ट विद्यालय भवन*** निर्माण भएको ठोकुवाका साथ आर.आर.एन. प्रति अभार व्यक्त गरेका थिए ।



निर्माण पश्चात श्री बालकन्या प्रा.वि. चारकोठे

## आरआरएन, खोटाङका गतिविधीहरु

- मिति २०६८ कार्तिक २६ गते आर.आर.एन. खोटाङ्गको सहायोगमा संचालित विकासेखोला सिंचाईकुलो मर्मत योजना चिप्रिङ्ग ५ का उपभोक्ता समिति तथा उपभोक्ताहरुको सहभागीतामा अन्तिम सार्वजनिक लेखापरीक्षण सहित समापन कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा आर.आर.एन. खोटाङ्गमा कार्यरत कर्मचारी टहल जिरेलले सहजीकरण गर्नु भएको थियो ।
- मिति २०६८ मंसीर १२ गते आर.आर.एन. खोटाङ्गको सहयोगमा नवयुवा फूलपाती सेवासमाज पाथेका २, फूलपातीको फर्निचर सहयोग योजनाका निर्माण उपभोक्ता समितिका पदाधिकारी तथा उपभोक्ताहरुलाई अधिकारमा आधारित विकास अवधारणा, लैङ्गिक समनता, समावेशीकरण र सार्वजनिक लेखापरीक्षण सम्बन्धी १ दिने तालिम सम्पन्न गरियो । उक्त तालिममा आर.आर.एन. खोटाङ्गका कर्मचारी टहल जिरेल र योग्यराज अधिकारीद्वारा सहजीकरण गरिएको थियो ।

## आरआरएन, सिरहाका गतिविधीहरु

- मिति २०६८ कार्तिक ५ गते गोविन्दपुर गा.वि.स वार्ड न.३ मा संचालित जनज्योती नागरिक सचेतना केन्द्रका सदस्यहरुले **घरघरमा चर्पी समुदायको सान, पुर्णसरसफाई हाम्रो अभियान टोलटोलमा धारा सबैको चर्पी, स्वस्थ जीवन हाम्रो सहारा एउटा घर एउटा चर्पी, घर जतिकै महत्व चर्पीलाई दिऔं सबै जनता सबै दल,सरसफाईको पक्षमा लगाउ बल साथी संगी, दिदी बहिनी, दाजु भाइ, थालौ गर्न सरसफाइ** एकदिने सरसफाई अभियान कार्यक्रम सम्पन्न गरिएको छ ।
- गमरिया महेशपुर गा.वि.स. वार्डन. २ र ७ स्थित महेशपुर मथिलेश्वर हेन्डपम्प खानेपानी योजनाको मिति २०६८ कार्तिक २२ गते एकदिने आयोजना व्यवस्थापन तथा सार्वजनिक लेखापरिक्षण, समावेशकिरण, लैङ्गिक समनता तथा अधिकारमुखी विकास अवधारणा तालिम आयोजना स्थलमा सम्पन्न भएको छ ।सहजीकरण गर्नु भएको थियो ।
- मिति २०६८ मंसिर १० र ११ गते विष्णुपुरकट्टी गा.वि.स. वार्ड न. ४ र ५ मा गठित सुनगाभा नागरिक सचेतना केन्द्र र दुर्गा नागरिक सचेतना केन्द्रका सदस्यहरुलाई **एक/एकदिने समुदायको अगुवाईमा पुर्णसरसफाई अभिमुखीकरण तालिम** केन्द्र संचालित स्थलमा सम्पन्न गरिएको छ । उक्त तालिममा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, लहानका प्रमुख आविद हुसेन र आरआरएन, लहानका जिल्ला संयोजक रिदार सिरु लामाले सहजीकरण गर्नु भएको थियो । साथै तालिममा सुनगाभा CAC मा ३२ जना र दुर्गा CAC मा ३० जना सहभागी भएको थियो जसमा पुरुष ६ जना सहभागी थिए ।
- सिसवानी गा.वि.स वार्ड नं.७, ८ र ९ मा संचालित बर्छवा रामटोल ढिकपिम्प सानासिचाई आयोजनाका सदस्यहरुलाई मिति २०६८ मंसिर १३ गते आयोजना स्थल बर्छवामा एकदिने आयोजना व्यवस्थापन तथा सार्वजनिक लेखापरिक्षण, समावेशकिरण, लैङ्गिक समनता तथा अधिकारमुखी विकास अवधारणा तालिम सम्पन्न गरिएको छ
- मिति २०६८ मंसिर १० गते ब्रम्हान गा.वि.स वार्ड न.७ मा संचालित ब्रम्हान ठाकुर नागरिक सचेतना केन्द्रका सदस्यहरुद्वारा एकदिने सरसफई अभियान सफलपुर्वक सम्पन्न गरिएको छ ।
- मिति २०६८ मंसिर ३ गते सिसवानी गा.वि.स वार्ड न.७ मा संचालित महासागर नागरीक सचेतना केन्द्रंका सदस्यहरुद्धारा एकदिने सरसफाई अभियान कार्यक्रम सम्पन्न गरिएको छ ।

## किन यस्तो हुन्छ



**चिजन लामा**

गर्भमा हुदा भिडियो एकसरे गराउछन
शास्त्रमा छोरीलाई देवी भन्छन
तर व्यवहारमा यहाँ यस्तै गर्छन
खै के भएको होला यो समाजमा ।

छोरा मात्र पढने चलन छ यहा भन्छन
छोरीलाई कलम हैन कुटोकोदालो देउ भन्छन
यो जुनीमा म त छोरी भई जन्मे हजुर
प्रभु यसमा मेरो के छ कसुर ।

**सुनगाभा नागरिक सचेतना केन्द्र,**
**विष्णुपुरकट्टी ४, सिरहा**

## छोरीलाई शिक्षा

घाम नलागे त अध्यारोको पर्धा उघ्रिदैंन
नपढि त बाबा आमा जिवन सुध्रिदैन ।
घास काटने हसिया होइन लेख्ने कलम पाउ
नाम लेखाइ दिनु वावा, स्कुल जान पाउ
मिठो खान राम्रो लाउन पढनेहरुले पाउछन ।
जान्नेहरुको आगनमा धेरै मान्छे धाउछन्
घाम नलागे त अध्यारोको पर्दा उघ्रिदैंन
नपढी त वावा आमा जिवन सुध्रिदैन

**सुनिता बल (कोषाध्यक्ष)**
सुसेली नागरिक सचेतना केन्द्र,
विष्णुपुरकट्टी ४, सिरहा

## जब आयो आर.आर.एन.

जब आयो आर.आर.एन. हाम्रो समुदायमा
ल्याइदियो शान्ति र सदभाब हामी माझमा

जातिवादको जनजीरमा जकडिएको
यो गाउँ थियो विगतमा
आफनो हक अधिकार पाँउदैन थियौ
हामी आर.आर.एन. को अभाबमा

आफनो कुरा पोख्ने क्षमता थिएन
हामीलाई अरुको माँझमा ।
भौतारिएका थियो हामी दलदलको भासमा
जब आयो आर.आर.एन. हाम्रो समुदायमा
हटाई दियो पर्दा जातिय विभेदको हाम्रो गाउँ

आँखा भएर पनि अन्धो थियौ
जन चेतनाको अभाबमा ।
जब आयो आर.आर.एन. हाम्रो समुदायमा
ज्ञान गुणको कुरा जान्यो हामीले नागरिक
सचेतना केन्द्रमा

**बिरेन्द्र राम - सहजकर्ता**
"सरस्वती नागरिक सचेतना केन्द्र"
सिसवानी ९, सिरहा

## विशेष अनुरोध

नागरिक सचेतना केन्द्रमा संचालित साप्ताहिक छलफल कार्यक्रममा अनिवार्य सहभागी भइ छलफल गरौं । छलफलको विषयबस्तु आफ्नै टोल समुदायको समस्या, सवाल तथा सफलताको कथा र समुदाय सहयोग कार्यक्रमले तयार पारेको नागरिक सचेतना केन्द्र निर्देशिकालाई आधार मानी छलफल गरौं । छलफल गरिएको विषयबस्तु लाई व्यवहारमा लागु गरि परिवर्तनको शुरुवात आफैबाट गरौं । साथै प्रत्येक साप्ताहिक छलफल व्यवहारिक शिक्षामुलक विषयमा केन्द्रीत भई उदाहरणीय समाजको निर्माण गरौं ।



समुदायको अगुवाइमा पुर्ण सरसफाइ तालिममा दिशा सहितको समाजिक नक्सा बनाउदै, सिरहा



समुदायको अगुवाइमा पुर्ण सरसफाइ तालिममा सहजीकरण गर्दै खोटाङ ।



सरसफाइ अभियान जनज्योति नागरिक सचेतना केन्द्रका सदस्यहरु सिरहा